"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎ ०८३-४१००३२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

७) सर्तहरु:

१. प्रतियोगितामा यस नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरु (कक्षा ९-१२) मात्र सहभागी हुनुपर्नेछ ।

२. खेलाडीहरु चालु शैक्षिक सत्र २०७८ मा कक्षा ९ देखि १२ सम्म नियमित अध्ययनरत हुनुपर्नेछ ।

३. खेलाडीहरुको उमेर १८ वर्ष ननाघेको हुनुपर्नेछ ।

४. विद्यार्थी सहभागी गराउँदा एक खेलाडीले २ ट्याक १ फिल्ड वा १ ट्याक २ फिल्ड खेलमा सहभागी हुनसक्नेछ । ट्याक तथा फिल्ड तर्फ सहभागी हुने खेलाडीले समूह खेलमा सहभागी हुन पाईने छैन ।

५. प्रतियोगी विद्यार्थीको विवरण यसैसाथ संलग्न फारामको ढाँचामा प्रधानाध्यापकबाट प्रमाणित भई आउनुपर्नेछ ।

६. विद्यालयले राष्ट्रिय झण्डा तथा विद्यालयको झण्डासहित विद्यालय पोशाकमा विद्यार्थी पठाउनुपर्नेछ ।

७. खेलको समयतालिका प्राविधिक उपसमितिको समन्वयमा मिति २०७८।१२।१० गते प्रकाशन गरिनेछ ।

८. भलिवल खेलमा बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्रा सहभागी गराउन सकिनेछ ।

९. विजयी खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र र विद्यालयलाई शिल्ड सहित सम्मान गरिनेछ ।

१०. विद्यार्थी खेलाडीका लागि आवश्यक पोशाक र अन्य खर्च विद्यालयले व्यवस्था गर्नुपर्नेछ ।

११. अन्य सर्त तथा नियमहरु आयोजक तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७७ (संसोधन सहित) बमोजिम हुनेछ ।

२०७८।१२।०६

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा : सूचना website मा राखिदिनका लागि।

"समृद्ध नगर : खुसी नगरबासी"
गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७८/०७९
चलानी नं. :

मिति : २०७८।१२।०७

विषय : चौथो मेयर कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड छनौट प्रतियोगिता २०७८ सञ्चालन सम्बन्धी सूचना ।

श्री माध्यमिक विद्यालयहरु (सामुदायिक तथा संस्थागत) सबै
गुर्भाकोट नगरपालिका, सुर्खेत ।

यस नगरपालिका अन्तर्गतका विद्यालयहरुको मिति २०७८।११।३० गतेको प्रधानाध्यापक बैठकको निर्णय, ऐ. मितिको माध्यमिक तहका प्रधानाध्यापकहरुको बैठकको निर्णय तथा स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७८।१२।०७ गतेको बैठकको निर्णयानुसार यस नगरपालिकाको आयोजनामा तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने **चौथो मेयर कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड छनौट प्रतियोगिता २०७८** मा तहाँ विद्यालयमा अध्ययनरत खेलाडी विद्यार्थीहरुलाई सहभागी गराईदिनुहुन निर्देशनानुसार अनुरोध छ ।

2078/12/06

तपसिल

१) **प्रतियोगिता सञ्चालन हुने मिति** : २०७८ साल चैत्र ११ र १२ गते
२) **उद्घाटन समारोह हुने मिति र समय** : २०७८।१२।११ गते विहान ११:०० बजे
३) **स्थान** : गुर्भाकोट नगरपालिका वडा नं. ८ मा रहेको सुर्यज्योति माध्यमिक विद्यालयको प्राङ्गण
४) **प्रतियोगितामा समाबेश हुने खेलहरु :**
   १. **भलिवल तर्फ :**
      क) भलिवल (छात्र र छात्रा दुबै)
   २. **एथलेटिक्स तर्फ**
      क) **दौड (ट्रयाक) तर्फ** : दौड १०० मि, रिले ४×४०० मि., २०० मि, १५०० मि ( छात्र र छात्रा दुबै)
      ख) **उफ्रने र फयाक्ने (फिल्ड) तर्फ** : ज्याभलिन थ्रो, हाईजम्प, ट्रिपलजम्प, लङजम्प, सटपट ( छात्र र छात्रा दुबै)
५) **सहभागी दर्ताको लागि आवेदन आईपुग्नुपर्ने मिति र स्थान** : मिति २०७८।१२।०९ गते कार्यालय समय भित्र गुर्भाकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा
६) **टाईसेट तान्ने मिति र स्थान** : मिति २०७८।१२।१० गते विहान ११ बजे गुर्भाकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा